ग्रामीण पत्रकारिताको प्रयास
# जनता टाइम्स साप्ताहिक
JANATA TIMES WEEKLY
जनता टाइम्स ९ बर्ष सफताको
❑ वर्ष-१० ❑ अङ्क-१, २०७५ बैशाख २२ गते, शनिबार (May 5, 2018 Saturday) www.janatimes.com मूल्य रु. ५/- पृष्ठ संख्या ६

## प्रकाशकीय...............

### सफलताका ९ बर्ष

जनता टाइम्स साप्ताहिक यही बैशाख १८ गतेदेखि ८ बर्ष पुरा गरेर १० औं बर्षमा प्रदेश गरेको छ । वितेका ८ बर्षको आरोह अवरोह, अनेक, हण्डर र समस्यासाग जुध्दे हामी यहाँसम्म आईपुगेका छौं । मफोसलमा रहेर ग्रामिण पत्रकारिता गरिरहदा निश्चय नै ठूलो चुनौतीको ामाना गनु परिरहेको हुन्छ । त्यो चुनौतीसँग पौठेजोरी खेल्दै, समास्याका पर्खालहरु भत्काउदे हामी निरन्तरताको १० औं बर्ष पुगेको खवर सुनाउन पाउदा पुल्कितसमेत भएका छौं ।

ग्रामिण समाजको उत्थान, कृषकको समस्या, स्वस्थ्य समाज निर्माण, शहरीकणलाई प्राथाकितासँगै समाजका विकृत पक्षलाई उजागार हाम्रो मिशन हो । यही एजेण्डासँगै लोकतन्त्र रक्षा र संविधान कार्यन्वयनका लागि हामीले मुस्व्य मुद्धा बनाएका छौ । आगामी दिनमा पनि यि जनताका एजेण्डा हाम्रो प्राथामिकतामा रहिरहनेछन् ।

स्थानीय तह, प्रदेश सरकार गठन भएका छन् । अवको हाम्रो यात्रामा यि निकायलाई बलियो, मजबुद बनाउने र जनताको काम गर्न सधै खवरदारी गर्ने जिम्मेवारी पनि थपिएको हामीले महसुस गरेका छौं । स्थानीय तहलाई जनमैत्री कसरी बनाउन सकिन्छ । गाउँगाउामा सिंहदरवार आएको अनुभूति कसरी गराउन सकिन्छ, यसका लागि पनि हाम्रो पहल र खवरदारी हुने छ ।

जनतालाई सूसुचित गर्ने, विकृत र विसंगती विरुद्ध खवरदारी गर्ने बाहेकको हामीले अरु खासै ब्यसायीक प्रगति भने गर्न सकेका छैनौं । २०७४ सालको उपलब्दी भनेको हामीले यस साप्ताहिकको अनलाईन संस्करण शुरु गरेका छौ । हाम्रो पत्रिकाको पँहुच नपुगेका स्थानमा अनलाईन संस्करणमा इ-पेपर राख्ने ब्यवस्था गरेका छौ । ***www.janatimes.com*** लग अन गरेर संसारभरबाट जनता टाइम्स पढ्न सकिन्छ ।

हामीलाई यहाँसम्मको यात्रामा सहयात्री बनेर भरपुर सहयोग गर्ने विज्ञापनदाता, शुभचिन्तक, पाठक, लेखकसँगै यस साप्ताहिकसँग आवद्ध ब्यवस्थापकीय तथा साम्पादकीय टिम धन्यवादको पात्र हुनुहुन्छ । उहाँहरुको सहभागीता र सहयोगले यात्रा निरन्तर चलेको छ । आगामी दिनमा पनि यहाँहरुको सहयोगको अपेक्षा हामीले गरेका छौ ।

*प्रकाशक*

# विद्यालय भर्ना अभियान किन ?

**रामसुकुल मण्डल**



२१औं शताब्दीको आधुनिक युगमा शिक्षाको महत्वबारे कोही पनि अनभिज्ञ नहुनु पर्ने हो । अन्धकारमा रहेकालाई उज्यालोमा ल्याउने एउटा माध्यम, मानिसका आफ्ना आन्तरिक गुणलाई बाहिर प्रकट गरी आफ्नो बानी बनाउने प्रकिया, देशमा सकारात्मक परिवर्तन ल्याई नकारात्मक परम्परा हटाउन गरिने प्रक्रिया र मानिसमा भएको क्षमताको विकास गरी सक्षम व्यक्ति बनाउने प्रक्रियालाई नै शिक्षा भनिन्छ भन्ने आम परिभाषा हो । शिक्षा औपचारिक वा अनौपचारिक रूपबाट प्राप्त गर्न सकिन्छ । औपचरिक शिक्षा विद्यालय वा महाविद्यालयबाट लिइन्छ भने अनौपचारिक शिक्षा जीवनयापनका क्रममा व्यवहार र अनुभवबाट हासिल गरिन्छ ।

भर्ना अभियान के हो ?

नयाँ शैक्षिक सत्रका लागि बाल कक्षादेखि १० सम्म भर्ना अभियान सुरू भएको छ । अभियानमा सबै शिक्षा कार्यालय, विद्यालय तहका शिक्षक र विद्यालय व्यवस्थापन समिति जुटेका छन् । उमेरका हिसाबले ५ वर्षभन्दा माथिका बालबालिकालाई विद्यालयमा भर्ना गरिनेछ । संविधान, ऐनकानुनले 'आधारभूत तह (कक्षा ८ सम्म) अनिवार्य शिक्षा' हुने किटान गरेकाले पहिले भन्दा प्रभावकारी ढंगले अभियान सुरू भएको बताइएको छ ।

शिक्षा विभागले अभियानको यस वर्षको नारा 'हामी सबैको इच्छा, अनिवार्य नि:शुल्क आधारभूत शिक्षा' तय गरेको छ । विद्यार्थी भर्ना, विद्यार्थी स्वागत तथा विद्यार्थी टिकाउ र सिकाइ उपलब्धीमा सुधारको लक्ष्य राखिएको छ । बैशाख २ गतेबाट नयाँ सत्र सुरू भएको छ । शैक्षिक तथ्यांक २०७३ अनुसार प्राथमिक तहमा ५ देखि ९ वर्ष उमेर समूहका विद्यार्थीको खुद भर्ना दर राष्ट्रिय औसत ९६ दशमलव ९ प्रतिशत छ । सबै बालबालिकालाई विद्यालयको पहुँचमा ल्याउन अभियान चलाइएको हो ।

विद्यालयले विद्यार्थी भर्नासँगै पाठ्यपुस्तक दिएर स्वागत गरिरहेको छ । सरकारले कक्षा १० सम्म सबै

*बाँकी चार पृष्ठमा*

## नपाका कर्मचारी किर्ते नागरिकता प्रकरणमा पक्राउ



फत्तेपुर / प्रहरीले राजविराज नगरपालिकाका एक कर्मचारीलाई पक्राउ गरेको छ । किर्ते नागरिक्ता वनाउन संलग्न भएको आरोपमा सव इन्जिनियर राजकुमार देव पक्राउ परेका हुन् ।

जिल्ला अदालतवाट म्याद थप गरी अनुसन्धान सुरु गरिएको डिएसपी ध्रुवकुमार श्रेष्ठले वताए । सोहि प्रकरणमा संलग्न भएको आशंकासहित प्रहरीले पक्राउ सुचिमा राखेका केहि कर्मचारी फरार छन् ।

नगरपालिका र प्रशासन कार्यालयका मिलेर सुनसरीका सतिश अग्रवाललाई राजविराजवाट किर्ते नागरिक्ता प्रदान गरिएको र सोहि नागरिक्ताका

*बाँकी अन्तिम पृष्ठमा*

तपाईहरुको सेवामा फत्तेपुर पोलिक्लिनिक
हाम्रा उपलब्ध सेवाहरू
- २४ सै घण्टा इमर्जेन्सी सेवा
- २४ सै घण्टा औषधी सेवा
- एक्स-रे सेवा / शल्य चिकित्सा
- प्रयोगशाला सेवा / ओपिडी
- मुख तथा दन्त रोग सेवा
- नाक, कान, घाटी रोग सेवा
- स्त्री तथा प्रसुती रोग सेवा
- छाला तथा यौन रोग सेवा
- भिडियो एक्स-रे सेवा
- इ.सी.जी(मुटु रोग)
- परिवार नियोजन सेवा
- बाल, नवजात शिशु रोग सेवा



फत्तेपुर पोलिक्लिनिक(प्रालि)
सप्तकोशी नगरपालिका,फत्तेपुर-१, सप्तरी राष्ट्रिय मावि अगाडी फोन नं.: ०३१-५५०१८७



**नपाका....**

राखेको धरौटी रकम फिर्ता गर्न पाँच प्रतिशत घुस लिए वापत यादवलाई पक्राउ गरिएको अख्तियारका प्रहरी निरीक्षक ओमप्रकाश खनालले बताए ।

ओम साइ राम जेभी ललितपुरले करिब छ करोडको ठेक्कामा महुली पुल निर्माण सम्पन्न गरेको थियो । ठेक्का लिएको रकमको धरौटी फिर्ता लिन जाँदा नासु यादवले निर्माण व्यवसायीसँग धरौटीको पाँच प्रतिशत पैसा लिएको र सोही क्रममा रंगेहात पक्राउ गरिएको अख्तियारका प्रनि खनालले बताए ।

यादवलाई आवश्यक अनुसन्धान तथा कारवाहीका लागि बिहीबार नै आयोगको काठमाडौंस्थित कार्यालय लगिएको छ ।


# सूचना

नेपालको संविधानले नागरिकलाई अधिकारको व्यवस्था गर्नुका साथै कर्तव्यको पनि व्यवस्था गरेको छ । यसर्थ प्रत्येक नागरिकले आफ्नो सार्वजनिक सरोकारको विषयमा सूचना माग गरी सजग नागरिकको पहिचान बनाउनु प्रत्येक नेपाली नागरिकको कर्तव्य हो ।

नेपाल सरकार
संचार तथा सूचना प्रविधी मन्त्रालय
सूचना विभाग

## जुन सुकै पत्रिकामा विज्ञापन गर्नु परे

नेपालका राष्ट्रिय तथा स्थानीय पत्रिकाहरुमा सूचना विज्ञापन छपाउन परे हामीलाई सम्झनु होला ।

अमर एडभरटाईजिङ धरान
९८५२०४९३२५, ९८५२०४७७७९

## सप्तकोशी नगरपालिकाको अनुरोध

- सप्तकोशी नगरलाई शिक्षा ,स्वास्थ्य ,पर्यटन तथा व्यापारिक केन्द्रको रुपमा विकास गर्न आ–आफनो क्षेत्रवाट लागि परौ ।
- शहरलाई स्वच्छ , प्रदुषण रहित सफा शहर वनाउन आफनो घरवाट उत्पादन हुने फोहोर आफै तह लगाऔ , कुहिने फोहोरवाट कम्पोष्ट मल वनाऊ ।
- सप्तकोशी नगरपालिकालाई उद्यमशिलताको नमुना शहर बनाउन पहल गरौं ।
- शहरलाई प्लाष्टीक र प्रदुष्णयुक्त वनाउन प्लाष्टीकको झोला प्रयोग नगरौ । कपडा तथा कागजका झोलाहरु वढीमात्रामा प्योग गरौ ।
- समूहमा मिलेर घरेलु फोहर तलगाउन चाहनुहुन्छ भने नगरपालिकामा सम्पर्क राखौ ।
- नगरपालिकालाई वुझाउनु पर्ने सवै किसिमका करहरु समयमै वुझाई नगरको विकासमा सहयोग पुर्‍याऔ ।
- नगरक्षेत्रमा कुनै पनि भौतिक निर्माण कार्य गर्दा नगरपालिकासँग अनुमति लिएर मात्र गर्ने गरौ ।
- आफना चौपायहरु जथाभावी छाडा नछाडौ ।
- सडक वत्ति समयमा वाल्ने र निभाउने गरौ ।
- अशुरक्षित खाद्य पदार्थ सेवन नगरौ साथै विक्री वितरण समेत नगरौ ।
- सार्वजनिक सम्पत्तिहरुको सवै मिलेर संरक्षण गरौं ।
- सभ्य नागरिक वनौ , वन्न सिकाऔ र सभ्य नगरपालिका वनाऔं ।

सप्तकोशी नगरपालिकाको कार्यालय,
२ नं. प्रदेश, सप्तरी

## दक्ष तथा अनुभवी चिकित्सकहरुबाट स्वास्थ्य सेवा फत्तेपुरमा

हाम्रा सेवाहरुः

यहाँ हरेक किसिमका बिरामीहरुको उपचार गर्नुकासाथै ल्याब टेष्ट, एक्स–रे, ओ. पि. डी., निवुलाईजर, फार्मेसी, गर्भवती महिला जाँच, प्रसुत्ती सेवा तथा एम्बुलेन्स सेवा चौबिस्सै घण्टा उपलब्ध छ ।

विशेषज्ञ डाक्टर

- डा. संदीप शर्मा, हाड–जोर्नी, नशा तथा बाथ रोग
- डा. दिलीप चौधरी, छाला–यौन तथा कुष्ट रोग
- डा. बरुण देव, नाक–कान तथा घाटी रोग बिशेज्ञ




जनसेवा पोलिक्लिनिक प्रा.लि

सप्तकोशी नपा–१,पारुहाङ्चौक,फत्तेपुर, फोन नं ०३१-५५००५०

## २४सै घण्टा तपाईहरुको सेवामा

हाम्रा सेवाहरुः

छाला, यौन, पाईल्स, फिस्टुला, फिसर, मानसिक तथा परिवार स्वास्थ्य, जेनेरल, मेडिसियन, बालरोग, नाक, कान, घाटी, जेनेरल सर्जरी, स्त्रीरोग,लागु पदार्थ, दुर्व्यसनी, परामर्श

- डा. सुवोधकुमार पोखरेल(सेक्सोलोजिष्ट तथा यौन
- डा.अनिता बर्मा, जनरल फिजिसियन
- डा. सत्यम घिमिरे (छाला तथा यौन रोग सम्बन्धि) –प्रत्येक महिनाको
- डा. राजिव घिमिरे(पाईल्स, फिस्टुला रोग सम्बन्धि) –प्रत्येक महिनाको ४ गते
- डा. विनोद मिश्र(बरिष्ठ छाला तथा यौन रोग विशेषज्ञ)प्रत्येक महिनाको २६
- डा. नन्दकिशोर कुशवाह(सेक्सोलोजिष्ट तथा यौन रोग विशेषज्ञ)
- डा. बद्रीप्रसाद भट्टराई . डा. समन

स्पोर्ट सेवाहरुः

इमेर्जेन्सी, ल्याव, अक्सीजन, फर्मेसी, एक्सरे, अल्ट्रा साउण्ड अब्जरभेसन तथा २४ सै घण्टा एम्बुलेन्स सेवा र साथै टेलिमेडिसिनद्वारा विशेषज्ञ डाक्टरबाट उपचार




एम्बुलेन्स सम्पर्कः ९८४२४०४८०४,

*नोटः प्रत्येक दिन ओपिडी सेवामा डा.अनिता बर्मा(जनरल फिजिसियन)जनरल विमारीको जाच गरिन्छ र २४ सै घण्टा*

माता मनकामना पोलिकिलनिक



सप्तकोशी नगरपालिका फत्तेपुर, नयाँ बजार, ०३१-५५०११२, ८०८०८०२८९, ९८०७७७१७००


**प्रमुख सल्लाहकारः** डा.महेन्द्र विष्ट, **सल्लाहकारः** प्रकास खतिवडा, **सम्पादक/ प्रकाशक** देवेन्द्र कार्की(९८४२१२५२७९), **प्रधान सम्पादक** विश्वराम कार्की, **प्रवन्ध सम्पादक**,खगेन्द्र कार्की (९८४२०९२१०७), **समाचार सम्पादक** शिवप्रसाद आचार्य, ले-आउट निश्छल कार्की, *काठमाण्डौ प्रतिनिधिः मिलन केसी, सुनसरी प्रतिनिधिः कृष्ण कार्की, बेलटार प्रतिनिधिः शंकर केशी, रामपुर प्रतिनिधिः सरद कोईराला, कञ्चनपुर प्रतिनिधिः राजकुमार पासवान कार्यालय ठेगानाः सप्तकोशी नगरपालिका फत्तेपुर-१, सप्तरी, ९८०७७५३२०२, धरान सम्पर्कः ९८०३८१९७२१* Email:janatatimesweekly@gmail .com,publicnews8@gmail .com, Web site: www .janatimes .com, **मुद्रणः** लक्ष्मी अफसेट प्रेस, गाईघाट , उदयपुर

जनता टाइम्स
JANATA TIMES WEEKLY

सम्पादकीय....................

## सिन्डिकेट तोडिनै पर्छ

सरकारले यातायात सेवा क्षेत्रमा व्याप्त सबैखाले सिन्डिकेट तोड्न जुन अडान र सहास गरेको छ त्यो सहरानिय छ । यातायात सेवादेखि तरकारी बिक्रीमा समेत सिन्डिकेट र बिचौलिया मौलाउँदै गएको विधयमान अवस्थामा सरकारले चालेको यो कदम सकारात्मक छ ।

सिन्डिकेटको पक्षमा यातायात व्यावसायीले बन्द गर्ने घोषणालाई निस्तेज पार्न सरकारले सेवा बन्द गर्ने व्यवसायीहरुको रुट खारेज सम्मको काम गरेको छ । यसले सिण्डिकेट लादेर शोषण गर्न पल्केका व्यवसायीलाई निरुत्साहित पारेको छ ।

अब जिल्ला प्रशासन कार्यालयहरूमा दर्ता भएका विभिन्न यातायात व्यवस्था समितिहरूको नवीकरण नहुने, नयाँ प्रक्रिया रोकिने भएको छ। नवीकरण नहुनेबित्तिकै देशभरका ३ सय ५ यस्ता समिति निष्क्रिय हुनेछन्। जसले सार्वजनिक यातायात क्षेत्रमा लगानी गर्न इच्छुक नयाँ व्यवसायीका लागि बाटो मात्रै खुल्ने छैन, सार्वजनिक यातायातमा व्याप्त विकृति अन्त्यसँगै सहज एवं थप सेवामुखी हुने विश्वास गर्न सकिन्छ ।

देशभर ७४ जना यातायात व्यवासायीहरुलाई सरकारले शुक्रबार साँझ नियन्त्रणमा लिएको छ । यातायात व्यवसायीहरु सरकार आक्रमक भए पछि बन्दका सबै कार्यक्रम फिर्ता लिएर वार्तामा आउन खोजेको छ । यसले अव सिण्डिकेट प्रथा सकिने अपेक्षा गर्न सकिन्छ । सरकारले आफूले गरेको निर्णय कार्यान्वयन गर्न अब बलियो भएर प्रस्तुत हुनै पर्छ । यातायातजस्तो अत्यावश्यक सेवा रोक्ने व्यवसायीको रुट इजाजत खारेज गर्नेदेखि लिएर आमसर्वसाधारणका लागि बन्द, हडताल भएको अवस्थामा वैकल्पिक सेवा उपभोग गर्ने वातावरण बनाउनु सरकारको दायित्व पनि हो ।

अदालतले ०६७ माघ १८ मा यातायात क्षेत्रमा कायम एकाधिकार रोक्न फैसला नै गरेको थियो। अहिले सरकारले गरेको निर्णयसँगै उक्त फैसला कार्यान्वयन भएको अनुभुत भएको छ। सरकारले गरेको यो निर्णबाट कुनै पनि सर्तमा पछि हट्नु हुँदैन। निर्णय कार्यान्वयनमा कटिबद्ध भए लाग्नु पर्दछ त्यसका लागि आम नागरिक सरकारको साथमा रहेका छन् ।

# आरक्षण कि अवसर ?

संगीता रेग्मी

२०७४ साल चैत्र ६ गते युरोपियन युनियनको निर्वाचन पर्यवेक्षण टोलीले खस(आर्यलाई आरक्षण समूहबाट हटाउन सुझाव दिएसँगै नेपाली राजनीतिमा नयाँ तरंग उत्पन्न भएको थियो । नेपालको सविधानको भाग ३ मौलिक हक र कर्तव्य अन्तर्गत धारा ४२ मा सामाजिक रूपले पछाडि परेका महिला, दलित, आदिवासी, जनजाति, मधेशी, थारू, अल्पसंख्यक, अपांगता भएका व्यक्ति, सीमान्तकृत, मुस्लिम, पिछडावर्ग, लैंगिक तथा यौनिक अल्पसंख्यक, युवा, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रूपले विपन्न खस आर्यलाई समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिताको हक हुनेछ भन्ने व्यवस्था गरिएको छ । २०६२/६३ सालमा भएको आन्दोलनले उठाएका मुद्दालाई सम्बोधन गर्दै अन्तरिम संविधानमा नै समावेशी सिद्धान्तलाई अवलम्बन गरिएको थियो भने २०७२ सालमा लागु भएको नयाँ संविधानमा त्यसैलाई निरन्तरता दिईएको हो ।

युरोपियन युनियनले के भन्यो त्यो एउटा पाटो हुनसक्ला । तर, नेपालमा आरक्षण आवश्यक छ कि छैन भन्ने विषय अहिले बहसको विषय बनेको छ । देशको विकास र समृद्धिमा सबै नागरिकले उचित अवसर पाउन सकुन् भन्ने उद्देश्यले समावेशीताको सिद्धान्तलाई अगाडि ल्याइएको हो । समावेशिताले व्यक्ति एवं समुदायको पहुँच, पहिचान, प्रतिनिधित्व, स्वामित्व, सहभागिता, अधिकारको स्थान सुरक्षित गर्दै उनीहरूको सबलीकरणका लागि मार्गनिर्देश गर्दछ । विगत लामो समयदेखि राज्यका हरेक निकायहरूमा कुनै विशेष जात वा समुदायको मात्र वर्चस्व रहँदै आयो त्यसैले सम्पूर्ण जात र समुदायलाई राज्यको हरेक क्षेत्रको मूल प्रवाहमा ल्याउनको लागि आरक्षणको व्यवस्था गरिएको हो । अहिले नेपालमा जात र समुदायको आधारमा आरक्षण दिँइदै आइएको छ ।

कुनै विशेष जातमा जन्मिए कै भरमा कुनै व्यक्ति धनी वा कुनै व्यक्ति गरिब भन्ने हुँदैन । सबै खस आर्य शोषक होइन , सबै मधेशी पिडित होइनन् सबै दलित गरिब छैनन्, सबै जनजाति अनपढ छैनन् । आरक्षणका आधारहरू जात वा समुदाय होइनन् बरू वर्ग वा व्यक्ति हुन सक्छन् । तराईमा जन्मिएर मधेशीभएकै आधारमा, काठमाडौंमै जन्मिएर आदिवासी/जनजाति भएकै आधारमा कुनै व्यक्तिले आरक्षित सिट पाउने तर जुम्लामा जन्मिएर बाहुन भएकै आधारमा कुनै व्यक्तिले आरक्षित सिट नपाउनु समावेशी सिद्धान्त होईन ।

आरक्षणले पछाडि परेका जात र समुदायलाइ समेट्नुभन्दा पनि त्यही आरक्षणको नाम लिएर आफ्ना पत्नीदेखि, सालीसम्म र ज्वाईदेखि सन्धीसम्मलाई समानुपातिक सभासद् बनाउन उपल्लो तहका नेताहरु नै लागिपरेको देखिन्छ । मधेशीको नाममा आरक्षित गरिएको सिटमा मधेशमा अति पिछडिएका र विपन्नहरूले पाउनुपर्नेमा मधेशकै सम्पन्न समुदायलेहरुले नै त्यो अवसर लिईरहेको देखिन्छ । महिलाको ३५% सहभागिताको लागि आरक्षित सिटमा सकेसम्म आफ्नै श्रीमती नसके आफ्ना नजिकका आफन्तलाई स्थान दिएको पाइन्छ यसरी हेर्दा आरक्षणले विपन्नलाई भन्दा पनि

> आरक्षण आर्थिक स्तर कमजोर भएकोलाई निःशुल्क पढाउने सवालमा, विभिन्न व्यवसायिक तालिम दिने सवालमा, जिविकोपार्जनको क्षेत्र उपलब्ध गराउने सम्बन्धमा दिईनु सान्दर्भिक हुन्छ ।

सम्पन्नलाई नै झन् माथि उठाउन मद्दत गरेको देखिन्छ । मधेशको मुसहर समुदाय जो शिक्षित नै छैन उसको लागि निजामती सेवामा आरक्षीत सिट राखेर मात्र हुन्न उसलाई त्यहाँसम्म पुऱ्याउनको लागि राज्यले सहयोग गर्नुपर्छ र उनीहरुको शिक्षाको लागि राज्यका आरक्षणको व्यवस्था गर्नुपर्छ । निजामती सेवामा आरक्षणले केही समावेशीता ल्याएको देखिन्छ भने राजनीतिको पाटोमा सोचे अनुरूपको उपलब्धि पाइन्न ।

आरक्षण आर्थिक स्तर कमजोर भएकोलाई निःशुल्क पढाउने सवालमा,




विभिन्न व्यवसायिक तालिम दिने सवालमा, जिविकोपार्जनको क्षेत्र उपलब्ध गराउने सम्बन्धमा दिईनु सान्दर्भिक हुन्छ । त्यो पनि कुनै जातका आधारमा आरक्षण दिइनु ठिक होईन । जातिय आधारमा माथिल्लो मानिनेहरु पनि निकै कमजोर आर्थिक हैसियतमा रहेका हुन्छन् भन्ने जातको आधारमा तल्लो मानिएकाहरू पनि आर्थिक रूपमा सम्पन्न भएका धेरै उदाहरणहरू हामी देख्न सक्छौं । हुम्ला, मुगुमा बस्ने बाहुन, क्षेत्री, दलित र काठमाडौ, पोखरा, बुटवलमा बस्नेहरुको आर्थिक, सामाजिक हैसियत समान हुँदैन । त्यसैले राज्यले हेर्दा दलित भनेर सबै न्युन आर्थिक अवस्था र पिछडिएको मान्ने, जनजाती भनेर सबै काठमाडौं वरपरका व्यापारी नेवार ब्रिटिश लाहुरे बनेर राम्रो आर्थिक हैसियत बनाएका पोखरा, काठमाडौंमा बस्ने गुरुङलाई मान्ने, मधेशी भनेर जनकपुरमा मजदुरी गरेर जिविका चलाउनेलाई मान्ने र बाहुन एवं क्षेत्री भनेर उच्च पदमा पुगेका व्यक्तिहरुलाई मानेर त्यही अनुरुप आरक्षणको जसरी व्यवस्था गरिएको छ यो सरासर गलत हुन्छ ।

उच्च वर्ग मानिने समुदाय पनि भुगोल र क्षेत्र अनि उपलव्ध भुमि, अवसर इत्यादि कारणले पिछडिएका हुन सक्छन् । दलित एवं जनजाति, मधेशी, आदिवासी वर्गमा छुट्टाईएकाहरु पनि ठाउँ विशेष र अवसरको उपलव्धताको कारण सम्पन एवं राम्रो हैसियत बनाएका हुन सक्छन् । यसैले कुनै पनि जातजाति र समुदायका आधारमा राज्यले दिने सुविधाहरुलाई वर्गीकरण गर्नु भन्दा पनि वास्तविक व्यक्तिहरुको अवस्थालाई मुल्यांकन गरिनुपर्छ ।

जनजाति वा दलित वा मधेशी भएकै कारणबाट असक्षमले पनि राज्यका विभिन्न निकायमा अवसर पाउने र बाहुन, क्षेत्री भएकै कारण योग्य, सक्षम भएर पनि राज्यको विभिन्न निकायहरुमा अवसर पाउन नसक्ने अवस्था आउनु भएन । बरू पिछडिएका जात र समुदायका व्यक्तिहरूलाई शिक्षामा, स्वास्थ्यमा राज्यले अनुदान देओस् । एनीहरूको क्षमता र दक्षता अभिवृद्धि गरेर हरेक क्षेत्रमा खुल्ला प्रतिस्पर्धाबाट आउन सक्ने बनाउनु राज्यको दायित्व हो तर जातकै आधारमा आरक्षणको व्यवस्था गरी त्यस्ता समुदायलाई तँ अरूभन्दा कमजोर नै होस् भनेर प्रभाणित गर्ने काम राज्यले नगरोस् ।

महिला, दलित, मधेशी, आदिवासी, जनजाति र पिछडिएका क्षेत्रकालाई आरक्षणको पछि लागेर देशलाई बीसौं वर्ष अहिलेकै अन्योल र अनिश्चितताको अवस्थामा राख्ने कि कमजोरलाई संरक्षण र अवसर दिएर समृद्धितर्फ अगाडि बढ्ने हो यो अहिलेको गम्भीर चुनौती बनेको छ । प्रतिभाहरूलाई योग्यताकै आधारमा देशभित्रै रोजगारी दिने नीति अवलम्बन गरे समावेशी कार्यक्रमको आवश्यकता पनि क्रमशः गौण बन्दै जानेछ ।

नेपालमा आरक्षण के उद्देश्यले ल्याइएको हो र यो एक दशकको अवधिमा हामीले सोचे जस्तै राज्यका संरचनाहरू बनाउ सफल भयौं त ? आरक्षणले हामीलाई अझ कमजोर त बनाइरहेको छैन ? स्वच्छ प्रतिस्पर्धाको लागि तयार नभएर आरक्षित सिटमा अल्झँदा हामी कतिको सक्षम व्यक्तिलाई नीतिनिर्माणको तहमा पुऱ्याईरहेका छौं यो सोचनिय विषय बनेको छ ।

# पत्थरी हुने समस्या र खानामा अपनाउनुपर्ने सतर्कता

डा जया प्रधान

महिलामा भन्दा पुरुषमा मिर्गौला तथा पित्तशयको समस्या बढी देखिन्छ । मौसम, पिसाबनलीमा हुने संक्रमण, वंशाणुगतजस्ता कारणले यो समस्या निम्तिने भए पनि खानपानले समेत ठूलो प्रभाव पारेको हुन्छ । घाममा बढी समय काम गर्दा पसिना निस्कने हुन्छ । साथै गर्मी मौसममा पानी कम पिउँदा पनि पिसाब थोरै लाग्ने हुन्छ । जसले गर्दा पिसाबमा लवणहरु जम्मा हुन थाल्छ र पत्थरको रुप लिन्छ ।

यसैगरी, वंशाणुगत युरिक एसिड र अक्सालेटको मेटाबोलिजममा गडबड हुनाले पनि मिर्गौलामा पत्थर बन्ने सम्भावना हुन्छ । पत्थर बन्न मद्दत पुऱ्याउने तत्वहरु खानाबाट प्रशस्त प्राप्त भएको स्थितिमा पनि यो समस्या आउन सक्छ । क्याल्सियम, फोस्फोरसजस्ता तत्व शरीरमा आवश्यक भए पनि पत्थर बन्ने प्रवृत्ति भएको शरीरका लागि यी तत्व तथा प्युरिन र अक्जालेटले नकारात्मक प्रभाव पार्न सक्छ ।

पत्थरबाट हुने असह्य पीडा कम गर्न नदुख्ने औषधि सेवन गर्नुपर्ने हुन्छ अथवा पत्थरको आकार हेरी विशेष प्रविधिद्वारा पत्थर निकाल्नुपर्ने हुन्छ । एकचोटि पत्थर बनेपछि बारम्बार बनिरहने हुनाले माथि उल्लिखित उपायभन्दा पनि सरल, बिनाझन्झट दैनिक खानामा उचित प्रकारका खाद्यपदार्थ छनोट गर्न सके यो समस्यालाई नियन्त्रण गर्न सकिन्छ ।

साधारणतया मिर्गौलामा क्याल्सियम पत्थर, अक्जालेट पत्थर र युरिक एसिड पत्थर गरी तीन प्रकारका पत्थर बन्छन् । मिर्गौलामा बन्ने पत्थरको ९० प्रतिशत कारण क्याल्सियम तत्व र एकोनियम, म्याग्नेसियम, फोस्फेट, अक्जालेट, कार्बोनेटका लवण हुन् । कहिलेकाहीँ शरीरमा भिटामिन ए को कमी तर भिटामिन डी बढी भई प्याराथाइराइडको कार्यमा गडबडी हुँदा पनि पत्थर हुन्छ भन्ने कुरा अध्ययनले देखाएको छ ।

प्राय: अक्जालेट पत्थर खस्रो, कडा र सुकेको रगतजस्तो हुन्छ भने युरिक एसिड पत्थर खैरो र कडा हुन्छ । यसैगरी, फोस्फेट पत्थर सेतो, चकजस्तो नरम हुन्छ । पत्थर पिसाबको नलीमा अड्केमा वा पत्थरको आकार ठूलो भई निस्कन नसकेमा असह्य पीडा हुने, पिसाब बाक्लो तथा पिसाबमा रगत देखा पर्ने, संक्रमण हुने, ज्वरो आउने, बान्ता हुने लक्षण देखा पर्छ । यस्तो अवस्थामा सम्बन्धित डाक्टरलाई देखाई आवश्यक परामर्श लिनुपर्ने हुन्छ ।

मिर्गौलामा बारम्बार पत्थर बन्ने र दु:ख दिने समस्या छ भने त्यस्ता व्यक्तिले दैनिक खानपानमा विशेष सावधानी अपनाउनुपर्ने हुन्छ । यसप्रकारको पत्थरको समस्याबाट नदुख्ने औषधि सेवन गरेर केही समय छुटकारा मिले पनि फेरि बल्झिने हुनाले नियन्त्रण गर्न दैनिक खानामै विशेष ध्यान दिनुपर्छ ।

पत्थर रोगको समाधानका लगि गरिएको व्यक्तिगत अनुभवलाई दृष्टिगत गर्दा कतिपय यस्ता खाद्यपदार्थ छन् जसले मिर्गौलामा पत्थर बन्नबाट रोक्न तथा नियन्त्रण गर्न मद्दत पुऱ्याएका छन् । यस समस्याको समाधानको उपाय प्रशस्त मात्रामा सफा पानी तथा झोल पदार्थ सेवन नै हो । र, पत्थर बन्न सहयोग पुऱ्याउने तत्वहरु क्याल्सियम, फस्फोरस, प्युरिन, अक्जालेट, चिल्लो पदार्थ बढी भएका खाद्यपदार्थहरु दैनिक भोजनमा परहेज गर्नु हो ।

पानी तथा झोलपदार्थ बढी सेवन गर्दा पनि कसै-कसैको पत्थर बन्न सक्छ । यसरी निस्केको पत्थर प्रयोगशालामा जचाउँदा कुन प्रकारको हो भनेर पहिचान गर्न सकिन्छ र त्यसैअनुरुप खान हुने र नहुने खाद्य पदार्थको छनोट गर्न सकिन्छ । यस्तो स्थितिमा भोजनमा परहेज गर्नुपर्ने हुन्छ । तर, पत्थरको पहिचान गर्न नसकेमा धेरै प्रकारका खाद्यपदार्थ सेवानबाट वञ्चित हुँदा पौष्टिक तत्वको अभावमा स्वास्थ्यमा झन् प्रतिकूल असर पर्न सक्छ ।




त्यसकारण पत्थरको समस्या भएका व्यक्तिले तथा तिनका परिवारका सदस्यले यो समस्या बल्झाउने तत्व भएका खाद्यपदार्थको पहिचान गरी त्यसको बदलामा कुन खाद्यपदार्थ समावेश गर्दा भोजन सन्तुलित र उपयुक्त हुन्छ भने कुरा जान्नु आवश्यक छ । समयमै सतर्कता अपनाउन नसकेमा बारम्बार पत्थर बन्नाले मिर्गौलामा थप भार परी काममा बाधा पुग्ने र नराम्रो असर पर्ने हुन्छ ।

समस्याको पहिचान गरी दैनिक भोजनमा फेरबदल गर्दा बनिसकेको पत्थर घोलिएर पिसाबबाट चाहिँ आउँदैन । यदि, सानो आकारको छ भने पिसाबबाट निस्कन सक्छ । यसरी भोजनमा फेरबदल गर्दा मिर्गौलामा पत्थर बन्ने कामलाई नियन्त्रण र कम गर्न सकिन्छ । दैनिक उचित खाद्यपदार्थबाहेक शरीरले आवश्यक पानी र झोल पदार्थ पाएको छ भने मिर्गौलामा पत्थर बन्न पाउँदैन ।

शरीरमा आवश्यक मात्रामा पानी छ भने मिर्गौलाले दूषित पदार्थ छानेर पिसाबबाट बाहिर फाल्ने काम गर्छ । शरीरमा पानीको कमी छ भने दूषित पदार्थ फ्याँक्न नसक्दा ठोस रुपमा परिणत भई एक आपसको प्रतिक्रियाबाट पत्थर बन्छ । त्यसकारण साधारण अवस्थाबाहेक यस स्थितिमा पनि पानी तथा झोल पदार्थको सेवनमा विशेष ध्यान पुऱ्याउनुपर्ने हुन्छ । दैनिक अन्दाजी २ लिटर पिसाब शरीरबाट फ्याँकिने हिसाबले प्रशस्त पानी पिउन सकेमा यो समस्या समाधान गर्न सकिन्छ ।

यसैगरी, पत्थरको समस्या भएका व्यक्तिले पिसाबको रङ हेरी दैनिक पानीको परिमाण बढाउन सकिन्छ । यदि, पिसाब गाढा पहेँलो छ भने पानीको मात्रा वा थप झोल पदार्थको सेवन बढाउनुपर्ने हुन्छ ।

**खानामा अपनाउनुपर्ने सतर्कता**

दैनिक ३ लिटरभन्दा बढी पानी तथा झोलपदार्थ सेवन गर्दा विभिन्न तत्वको लवणबाट पत्थर बन्न पाउँदैन।

प्रोटिनको परिमाण पनि कम गर्नुपर्छ । एक किलोग्राम शरीरको तौलबराबर एक ग्रामभन्दा कम प्रोटिन प्राप्त हुने किसिमले भोजनको व्यवस्था गर्नुपर्छ ।

यसैगरी, शरीरमा अम्ल (एसिड) पैदा गर्ने खाद्यपदार्थ समावेश गर्नुपर्छ ।

पानी तथा अन्य उपयुक्त झोलपदार्थको परिमाण बढाए पनि क्याल्सियम प्रवृत्तिको पत्थर छ भने क्याल्सियम बढी पाउने खाद्यपदार्थ जस्तै: दूध तथा दूधबाट बनेका परिकारको मात्रा कम गर्नुपर्छ । पोटासियमयुक्त फलफूल र सागपातको उपभोगले मिर्गौलामा पत्थर बन्ने सम्भावित खतरालाई ५० प्रतिशत कम गर्छ । त्यसैले भोजनमा यो तत्व भएको खाद्यपदार्थ समावेश गर्नुपर्छ ।

अक्जालेट पत्थर छ भने अक्जालिक एसिड भएका खाद्यपदार्थ जस्तै पालुंगो, कर्कलो, बदाम, काजु, तिल, चिया, पुदिना आदिको सेवन कम गर्नुपर्छ।

पत्थर भएका व्यक्तिहरुले दैनिक १०० देखि १५० मिलिग्राम भिटामिन बी, भिटामिन बी कम्प्लेक्सको साथमा लिँदा राम्रो हुन्छ।

युरिक एसिड पत्थर छ भने प्युरिन भएका खाद्यपदार्थ जस्तै: मासु, चिल्लो पदार्थ, अन्डा कम गर्नुपर्छ । यसप्रकारका खाद्यपदार्थ दैनिक ६० देखि ७० ग्राम मात्र लिँदा बेस हुन्छ ।

फाइबरयुक्त फलफूल र सागपात (अक्जालेट कम भएको) भोजनमा समावेश गर्दा खाद्यपदार्थमा भएको फाइबर क्याल्सियमसँग बाँधेर यसको शोषण कम गराउँछ।

सोडियम बढी भएका खाना खाँदा पनि पिसाबमा क्याल्सियमका कण बढी देखिने हुनाले सोडियम भएका खानेकुरा कम गर्नुपर्ने हुन्छ । दैनिक २ देखि ३ ग्रामभन्दा कम मात्र प्राप्त हुने किसिमले भोजनको व्यवस्था गर्नुपर्छ ।

यसैगरी, पत्थरीको समस्या भएका व्यक्तिले जटिल कार्बोहाइड्रेट अर्थात् पूरै अन्नबाट बनेको खाद्यपदार्थ, ताजा फलफूल, सागपातलाई बढी प्राथमिकता दिनुपर्छ।

यस प्रकार मिर्गौलाको पत्थर सबै एकै प्रकारको नहुने भएकाले दैनिक भोजनलाई सकेसम्म पोषिलो र सन्तुलित बनाउनुपर्छ । साधारण खाद्यपदार्थको उपभोगबाट घरेलु तवरले नै यो समस्या समाधान भएको कुरा यसबाट पीडित व्यक्तिहरुको अनुभवले बताउँछ । विशेषगरी खरबुजा, अनार, केरा, तुलसीको पातको रसमा मह मिलाई खाँदा, स्याउ, राजमा, गहतको सूप आदि खाँदा पिसाबबाट पत्थर निस्कन्छ । यी खाद्यपदार्थमा रहेका तत्वले स-साना पत्थर निकाल्न मद्दत गर्नुका साथै बन्ने प्रक्रिया पनि नियन्त्रण गर्छ ।

## तपाईंको यो साता

**मेष** (चु,चे,चो,ला,लि,लु,ले,लो,अ): आफन्त र परिवारको राम्रो सहयोग मिल्नेछ । स्वार्थी पार्टनर वा छिमेकीले झुटा मुद्धामा फसाउने छन् । होसीयार रहनु होला ।

**वृष** (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो): आफन्तको दु:खद समाचार सुन्न पर्ने हुन्छ पेटमा केही समस्या रहनेछ । अनावश्यक खर्च हुने दिन छ ।

**मिथुन** (का,कि,कु,घ,ङ,छ,के,को,ह): विदेशिक क्षेत्रबाट राम्रो लाभ हुनेछ । आफन्त को सहयोग मिल्नेछ । अप्रिय समाचार सुन्नु पर्दा मनमा अशान्ती रहनेछ ।

**कर्कट** (हि,हु,हे,हो,डा,डि,डु,डे,डो): अधुरा कामहरु पुरा हुने छन् । नोकरीमा पदोन्नती हुनेछ । समाजबाट सम्मानित हुनुहुने योग छ ।

**सिंह** (मा,मि,मु,मे,मो,टा,टि,टु,टे): विशिष्ट व्यक्ती संगको भेटघाटले अधुरा कार्यहरु पुरा हुनेछन् । नयाा कामका थालनी हुनेछ । नाम दाम र काम मिल्नेछ ।

**कन्या** (टो,प,पी,पू,ष,ण,ठ,पे,पो) :शैक्षिक क्षेत्र अधुरो रहनेछ । पेटमा केही समस्या दखिनेछ । खानपानमा सजग रहनु होला ।

**तुला** (रा,रि,रू,रे,रो,ता,ती,तु,ते): रमाईलो यात्रामा सहभागी हुने योग छ । भोज भतेरमा सामेल हुनुहुनेछ । बेलुकी पख भने स्वास्थ्यमा केही समस्या देखिएला ।

**वृश्चिक** (तो,ना,नि,नू,ने,नो,या,यि,यू) : मुद्धामामला पराजय व्यहोर्नु पर्नेछ । यात्रामा चोट पटक लाग्न सक्छ । चोरी लाग्ने सम्भावना रहेको छ ।

**धनु** (य,यो,भा,भी,भू,ध,फा,ढ,भे): आर्य आर्जन राम्रो हुनेछ । आफन्तको सहयोग मिल्नेछ । नोकरीमा भने अपजस लाग्न सक्छ ।

**मकर** (भो,जा,जी,जू,जे,जो,खा,खि,खु,खे,खो, गा,गी): आफन्तका सहयोगले गरेका कार्यबाट सन्तुष्टि मिल्नेछ । पैत्रिक सम्पतीमा विवाद हुन सक्छ । समय पर्खनु राम्रो ।

**कुम्भ** (गु,गे,गो,सा,सी,सु,से,सो,द): शत्रु पक्ष बलसाली रहनेछन् । आर्थिक कारोबारका लागि समय पर्खनु नै उत्तम हुनेछ । आफन्तका असहयोगले ठगीनु होला ।

**मीन** (दी,दू,थ,झ,ञ,दे,दो,च,ची): समय सामान्य खालको छ । स्वास्थ्य प्रतिकुलता आउन सक्छ । संगतको फल नराम्रो पर्न संभावना छ । आफू संयमित रहनु होला ।

# ‘भोर’मा मधेशको जीवन्त चित्रण

सप्तरी / मधेश-मिथिलाको भयावह समस्याको रुपमा रहेको दाईजो प्रथालाई मुख्य कथावस्तु बनाएर निर्माण गरिएको नेपाली-मैथिली मिश्रित फिल्म ‘भोर’को विशिष्ठ व्यक्तिहरुले प्रसंशा गरेका छन् ।

सामाजिक कुप्रथाको एवम् विकृति विसङ्गतीको रुपमा मौलाउँदै गएको दाइजो एवम् महिला हिंसाको कथावस्तुमा निर्माण गरिएको फिल्म भोरले मधेशमा नयाँ विहानी ल्याउनमा मद्दत गर्ने दर्शकहरुले विश्वास व्यक्त गरेका हुन् । फिल्मको ‘बेस शो’मा सहभागी महिला बालबालिका तथा ज्येष्ठ नागरिक समितिका पूर्व सभापति रञ्जु ठाकुरले दाइजो कुप्रथाका कारण मधेशी महिलाहरुमाथि चरम यातना मात्र नभई मृत्यु समेत वरण गर्नुपरेको चर्चा गर्दै दाइजो लेनदेनमा संलग्नलाई कडा कार्वाही हुनुपर्नेमा जोड दिईन् ।

निक्कै रुचीका साथ फिल्म हेरेकी उनले भनिन् ‘मधेशको ठूलो महामारी हो दाइजो, लेनदेनमा संलग्नहरुलाई कठघरामा उभ्याईनुपर्दछ ।’

नेपाल पत्रकार महासंघका पूर्व केन्द्रीय उपाध्यक्ष वरिष्ठ पत्रकार शिवहरी प्रसाद भट्टराईले मधेशको पृष्ठभूमीमा




मधेशकै कथावस्तु तथा कलाकारहरु समेत मधेशकै राखिनुले फिल्मलाई अझ मजबुत बनाएको प्रतिक्रिया दिए । प्रेस काउन्सिल नेपालका पूर्व सदस्य एवम् कृष्णा दैनिकका सम्पादक मुरली प्रसाद यादवले नेपाली सिनेमाले मधेशी अनुहारलाई ठाउँ दिनु तथा मधेशको जल्दोबल्दो विषयलाई उठाउनु सकारात्मक रहेको बताए ।

दहेजमुक्त मिथिला अभियानकी अभियन्ता करुणा झाले भोरले मधेश मिथिलामा व्याप्त वर्षौंदेखि जकडिएको दाइजो कुप्रथालाई कलाकारहरुले जीवन्त अभिनय गरेर दर्शकहरुको मन जित्न सफल भएको बताईन् । राजविराज नगरपालिकाकी उप-मेयर साधना झाले भोरले समाजिक रुपान्तरणका साथै महिलाहरुलाई अगाडि बढ्न प्रोत्साहित गरेको प्रतिक्रिया दिईन् ।

यस्तै नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य अवधेश कुमार झा, महासंघका जिल्ला अध्यक्ष जितेन्द्र खड्गा, उपाध्यक्ष श्यामसुन्दर यादव, पूर्व अध्यक्ष धीरेन्द्र प्रसाद साह, प्रेस स्वतन्त्रता सेनानी बैद्यनाथ झा, मैथिली साहित्य परिषद्का पूर्व अध्यक्ष शुभचन्द्र झा, सगरमाथा साहित्य परिषद्का अध्यक्ष मनोहर कुमार पोखरेल, नेपाली कांग्रेसका जिल्ला सचिव रामकुमार यादव, समाजसेवी हितनारायण लाल दास लगायतले फिल्मको प्रशंसा गरेका छन् । सिनेमा हेरेर बाहिरिने क्रममा युवतीहरुले आफुहरु दाइजो विरुद्धको अभियानमा सक्रियताका साथ लाग्ने प्रतिवद्धता व्यक्त गरेकी छिन् ।

चर्चित कथाकार एवम् उपन्यासकार कृष्ण धारावासीद्वारा लिखित कथावस्तुले आम दर्शकको मन जित्नेमा निर्माण पक्षको विश्वास छ । यादव कुमार भट्टराईद्वारा निर्देशित पहिलो चलचित्र झोलाको सफलता पछि निक्कै मेहनत पछि आएको यो चलचित्रले आम नेपाली दर्शक मात्र नभई विदेशमा समेत लोकप्रिय एवम् उत्कृष्ट चलचित्रको रुपमा चिनाउन सफल हुने विश्वास गरिएको छ । एक दर्जन भन्दा बढी मैथिली एवम् भोजपुरी सिनेमामा मुख्य नायिकाको भुमिका निभाईसकेकी डोली सरकारले नेपाली चलचित्र भोरमा ईन्ट्री पाएकी छिन् । चलचित्रमा सरकारको जिवन्त अभिनय आम नेपाली दर्शकहरुको मन छुने सप्तरी जिल्लावासीको विश्वास छ । डोलीको जिवन्त अभिनयप्रति उनको गृहजिल्लाका दर्शकहरुले सराहना गरेका छन् ।

शुक्रवार अर्थात वैशाख २१ गतेदेखि प्रदर्शनमा आएको भोर चलचित्रमा मिथिला क्षेत्रका चर्चित कलाकार रामनारायण ठाकुर, अनिता रानी मण्डल, राजेश सक्सेना, बि.एन.पटेल, प्रमेश झा, बटुक राज मिश्र, अनिता देव, पुजा कर्ण लगायत कलाकारहरुको मुख्य अभिनय रहेको छ । चलचित्रको कार्यकारी निर्माता देबेन्द्र प्रसाद सुवेदी तथा दिपक बज्राचार्यले छायांकनमा कौशलता देखाएका छन् । चलचित्रको मुख्य निर्मातामा राज तिमिल्सिना र राम गोपाल थापा रहेका छन् । नेपाली सिनेमाकै इतिहासमा यति धेरै संख्यामा पहिलो पटक मधेश-मिथिला क्षेत्रका कलाकारहरुले अवसर पाएका हुन् ।

---

*पहिलो पृष्ठबाट.....*

विद्यार्थीलाई पाठ्यपुस्तक निःशुल्क उपलब्ध गराउँदै आएको छ । त्यसैगरी लक्षित समूहले छात्रवृत्तिसमेत पाउँदछन् । छात्रा, दलित, अपाङ्गता भएका, लक्षित वर्ग लोपोन्मुख तथा अल्पसंख्यक जनजातिलाई छात्रवृत्ति व्यवस्था छ । विद्यालय तह कक्षा १० सम्मका निम्ति चालू आर्थिक वर्षका निम्ति १६ अर्ब रूपैयाँ बजेट रहेको शिक्षा मन्त्रालयले जनाएको छ ।

**भर्ना अभियानको प्रभावकारिता**

भर्ना अभियानको नारा लिएर वर्तमान सरकारले सञ्चालन गरेको यो अभियानको प्रभावकारिता कति हुने भन्ने विषय महत्वपूर्ण हो । भर्ना अभियानको आवश्यकता किन पर्‍यो, किन सरकारको तर्फबाट यस्तो अभियानको थालनी गर्नु पर्‍यो, सामुदायिक विद्यालयको पढाई, विद्यालयको वातावरण, विपन्न वर्गले कसरी आफ्ना बालबालिकालाई विद्यालय भर्ना गराउन प्रेरित हुने, विद्यालयको भौतिक पूर्वाधार कस्तो छ, ठूलाबडाका छोराछोरीहरू निजी विद्यालयमा किन जान्छन्, सामूदायिक र निजी विद्यालयमा हुने पढाइमा किन अन्तर छ लगायतका विषयमा सरकारले पहिला ध्यान दिनुपर्ने हुन्छ ।

नेपालबाट निरक्षरता उन्मूलन गर्ने लक्ष्यका साथ सञ्चालन गरिएको यस अभियानले केवल अभियानका रूपमा मात्र कार्यक्रम सञ्चालन गरेर कार्यान्वयनमा फितलोपना ल्याउने नेपाल सरकारको विगतको प्रवृत्तिलाई नियाल्ने हो भने कार्यान्वयन पक्षको जटिलताका कारण यसले सार्थकता पाउनेमा पूर्णतः विश्वस्त हुनसक्ने वातावरण निर्माण हुनसकेको छैन । तथापि यसको प्रभाव शून्य भएको भने होइन । निराशाजनक अवस्थाबाट गुज्रिरहेको नेपालको साक्षरता दरलाई केही मलजल गर्न यस अभियानको भूमिका भने निकै सकारात्मक रहेको मान्नुपर्दछ । जुन रूपमा भर्ना अभियानको नारालाई चर्को पारिएको छ सो अनुसार कार्यान्वयन पक्षमा भर पर्छ । यदि समस्याको मूल चुरोमा पुगेर यसको निराकरणमा ध्यान दिइयो भने पक्कै पनि केही परिवर्तनको आभाष गर्न सकिन्छ ।

**बालबालिका मैत्री भएन विद्यालय**

विद्यालयको पहुँचबाट टाढा रहेका बालबालिकाहरूका लागि सरकारले एकातिर भर्ना अभियान सञ्चालनमा ल्याएको छ भने अर्कोतिर विद्यालय भर्ना गरेर पनि छाड्ने विद्यार्थीको वाध्यतालाई बुझ्न सकिएको छैन । विद्यार्थीहरू विद्यालयभित्र प्रवेश गराउनु मात्र ठूलो कुरा होइन उनीहरूलाई निरन्तर शिक्षा प्राप्तिको बाटोमा अगाडि बढाउन सक्नुपर्छ । विद्यालयप्रतिको आकर्षण र झुकाव बढाउनका लागि विभिन्न कार्यक्रमहरू बनाउनु आवश्यक छ । विद्यार्थी विद्यालय हाताभित्र किन प्रवेश गर्दैन ? भन्ने प्रश्नको जवाफसँगै विद्यालय छोड्ने कारणको पनि खोजी गरिनु आवश्यक छ । विद्यार्थीले खोजे अनुसारको वातावरण निर्माण, मनोवैज्ञानिक शिक्षणविधि र पढाइलाई रूचिका रूपमा विद्यार्थीले कसरी लिनसक्छ भनेर पनि चासो दिनु आवश्यक छ । विद्यालय प्रवेश गरेको विद्यार्थीहरू किन विद्यालयमा अडिन सक्दैनन् ? विद्यालयमा छुट्टी घन्टी बज्ने बित्तिकै विद्यार्थी खुशी हुने, विद्यालय जाने नाम सुन्ने बित्तिकै बालबालिका विभिन्न बहाना बनाएर जान नखोज्ने लगायतका विषयमा पनि सरकारले ध्यान दिनुपर्ने हुन्छ । अहिले पनि विद्यालयमा विद्यार्थीको मनोविज्ञानलाई बुझ्न नसक्दा कैयौं विद्यार्थीहरूले विद्यालय जानु भनेको यातना गृहमा जानुको रूपमा लिने गर्दछन् । यस्तो अवस्थालाई सुधार्न सकिएन भने विद्यालय प्रवेश गराएर मात्र समस्याको समाधान हुन सक्दैन ।

**मुख्य कारण गरिबी**

पटक(पटक सरकारी स्तरमा नेपालमा सञ्चालन हुने गरेको विद्यालय भर्ना अभियान परिणाममुखी नहुनुको मुख्य कारण गरिबी हो । हुनेखाने र सम्पन्न परिवारका एउटा पनि बालबालिका विद्यालय जानबाट वञ्चित छैनन । खासमा यो अभियान विपन्न वर्ग, गरिब तथा असहायका लागि हुनुपर्ने हो । गरिब, विपन्न र असहाय परिवारका अभिभावकले आफ्ना बालबालिका एकछाक खाना खुवाउन दिनरात मिहेनत गर्नुपर्छ भने उनीहरूलाई विद्यालय पठाउने, कपी कलम किनिदिने पैसा कहाँ ल्याउने भन्ने सोच्नुपर्ने हुन्छ । नेपालमा अहिले पनि गरीबको संख्या उल्लेख्य रूपमा रहेको छ । अधिकांश परिवार साँझ र बिहानको छाक टार्ने पिरलोले रूमल्लिएका हुन्छन् । आर्थिक अभावले गर्दा सन्तानलाई सानैदेखि काममा लगाउन उनीहरू बाध्य भएको पाइन्छ । जसले गर्दा भर्ना अभियानका नारालाई सुने पनि नसुनेझैं गर्ने उनीहरूको बाध्यताजस्तो बनेको हुन्छ । सरकारले निःशुल्क शिक्षाको व्यवस्था गरे पनि किताब र भर्ना शुल्कबाहेक सबै कुराको व्यवस्थापन स्वयं परिवारले नै गर्नुपर्ने भएकाले अभावकै कारण उनीहरू सन्तानलाई विद्यालयसम्म पुऱ्याउन सक्षम बन्न सकेका हुँदैनन् । भोको पेटले सबैभन्दा पहिलो खाना हेर्ने भएकाले उनीहरू शिक्षालाई आफ्नो जीवनको महत्वपूर्ण कुराका रूपमा लिने चासो राख्दैनन् । अहिलेको परिप्रेक्ष्यमा हेर्दा यो पनि भर्ना अभियानको वाधकका रूपमा रहेको छ । गरीबीको जटिलताले विद्यालय नजाने विद्यार्थीको संख्या निकै उल्लेखनीय छ ।

**निष्कर्ष**

‘प्रधानमन्त्री, मुख्यमन्त्री वा मन्त्रीले एक दुई जना बालबालिकालाई विद्यालय भर्ना गराइदिँदैमा यो अभियानले ठूलो उपलब्धी हासिल गर्दैन । सबैले आआफ्नो भोट बैंक सुरक्षित राख्नका लागि एक दुई दिन गएर भर्ना गराइदिने र पछि यसबारे कसैले सोधखोजसमेत गर्न आउँदैन’ माथि उल्लेखित कुरा एक जना सामाजिक व्यापार गरी बस्ने दलित समुदायका व्यक्तिले भनेका छन् । यो पंक्तिकारले सरकारले अहिले सञ्चालन गरिरहेको विद्यालय भर्ना अभियानबारे सोध्दा उनले भने, ‘यस्ता धेरै अभियानहरू हेरिसक्यौं र यसको प्रभावकारिता कति रहन्छ भन्ने सहजै अनुमान लगाउन सकिन्छ ।’ उसको भनाईको तात्पर्य के थियो भने यस्ता अभियान हुनेखानेवालाहरूका लागि हो । गरीबका छोराछोरीका लागि साँच्चिकै यो अभियान ल्याइएको हो भने विद्यालय शुल्कमात्र होइन, कपी, कलम, खाजा लगायतका आधारभूत आवश्यकताहरूसमेत व्यवस्था गर्नुपर्छ । गरिबीका कारण पनि यो अभियानको बाधकको रूपमा रहेको हुनाले यसबारे सरकारले दीर्घकालीन योजना ल्याउनुपर्छ । त्यसपछि मात्र यो अभियानले सार्थक परिणाम ल्याउँछ ।

# सिण्डिकेटको समर्थनमा भएको बन्दले यात्रु मारमा

फत्तेपुर / सिन्डिकेट कायम राख्न माग गर्दै यातायात व्यवसायीहरुले शुक्रबार गाडीहरु ग्यारेजमा थन्काउँदा सप्तरीका सर्वसाधारण मर्कामा परेका छन्।

विहानैदेखि बस, हायस, माइक्रो, विङ्गर, टेम्पोलगायतका यातायातका साधन सञ्चालन नहुँदा सर्वसाधारण मर्कामा परेका हुन्। राजविराजलगायत फत्तेपुर, बोदे बर्साइन, पातो, सखडा, वनौली, मौवाहा बेल्ही लगायतका स्थानबाट चल्ने साना तथा ठूला सवारी साधन सञ्चालनमा छैनन्।

सगरमाथा यातायात संघका सचिव दिनेश साहका अनुसार शुक्रबार सप्तरीबाट चल्ने करिब चार सय सवारी साधन बन्द छन्। सगरमाथा यातायात संघ अन्तर्गतका १२३ बस, ओम साई माईक्रो व्यवसायी संघका ३२ र सप्तकोसी माइक्रो व्यवसायी संघका २२ माइक्रो बस, सगरमाथा जिप, माइक्रो तथा म्याजिक व्यवसायी संघका ८२ म्याजिक र विङ्गर, हनुमाननगर-कञ्चन सगरमाथा टेम्पो तथा म्याजिक व्यवसायी संघका ३२ म्याजिक, सगरमाथा ट्रक तथा ढुवानी व्यवसायी संघका ८२ वटा ट्रक तथा ३० टेम्पो ग्यारेजमा थन्क्याइएको उनले बताए।

आन्दोलनमा ऐक्यबद्धता जनाएको सिटी सवारी साधन भने थोरै मात्रामा चलेका छन्। जिल्ला ट्राफिक प्रहरी कार्यालय शम्भुनाथले पनि सप्तरीमा सवारीसाधन ठप्प भएको जनाएको छ। सिण्डीकेट खारेजीको पक्षमा रहेका यातायात व्यवसायीहरुले थोरै संख्यामा पूर्व-पश्चिम राजमार्गमा सवारीका साधन चलाएका छन्।

यातायात समिति खारेज गर्ने, कम्पनीमा दर्ता गरेपछि मात्र रुट दिइने तथा देशभरीका सडकमा रुट खुल्ला गरेपछि नेपाल यातायात व्यवसायी महासंघ आन्दोलनमा उत्रिएको हो। उनीहरुले आगामी २७ गतेदेखि अनिश्चितकालिन हड्तालको तयारी गरेका छन्। सरकारले वैकल्पिक व्यवस्था नगरी ल्याएको नीतिले आफुहरुको अरबौं लगानी जोखिममा परेकाले आन्दोलन गर्नुपरेको सगरमाथा यातायात संघका सचिव साहले बताए।

सर्वसाधारणको दैनिक जीवनका अत्यावश्यक सेवा क्षेत्रमा बन्द, हडताल गर्न नपाउने भन्दै गृह मन्त्रालयले गत बैशाख ११ गते जारी गरेको राजपत्रमा यातायात क्षेत्र लगायत १८ सेवामा अत्यावश्यक सेवा ऐन अन्तर्गत हडताल र बन्द निषेध क्षेत्र घोषणा गरेको छ। अत्यावश्यकीय वस्तुमा हडताल गर्ने व्यवसायीलाई तत्काल पक्राउ गरी सरकारले थुनामा राख्न सक्नेछ भने उनीहरुलाई ६ महिनादेखि पाँच वर्षसम्म जेल सजाय हुन सक्छ।



# जिल्ला समन्वय समितिका नासु घुससहित पक्राउ

राजविराज /जिल्ला समन्वय समिति सप्तरीका नासु ५७ वर्षीय युगेश्वरप्रसाद यादव घुससहित बुधबार पक्राउ परेका छन्।

राजविराज ५ निवासी नासु यादवलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग, इटहरीको टोलीले एक लाख ३५ हजार रुपैयाँ घुस रकमसहित रंगेहात पक्राउ गरेको हो। अख्तियारको टोलीले उनलाई कार्यालयको लेखा शाखाबाटै पक्राउ गरेको हो।



त्रिकोलको महुली खोलाको पुल निर्माण सम्पन्न भई फरफारक समेत भइसकेकोमा निर्माण व्यवसायी कम्पनीले राखेको धरौटी रकम फिर्ता गर्न पाँच प्रतिशत घुस लिए वापत यादवलाई पक्राउ गरिएको अख्तियारका प्रहरी निरीक्षक ओमप्रकाश खनालले बताए।

ओम साइ राम जेभी ललितपुरले करिब छ करोडको ठेक्कामा महुली पुल निर्माण सम्पन्न गरेको थियो। ठेक्का लिएको रकमको धरौटी फिर्ता लिन जाँदा नासु यादवले निर्माण व्यवसायीसँग धरौटीको पाँच प्रतिशत पैसा लिएको र सोही क्रममा रंगेहात पक्राउ गरिएको अख्तियारका प्रनि खनालले बताए।

यादवलाई आवश्यक अनुसन्धान तथा कारवाहीका लागि बिहीबार आयोगको काठमाडौंस्थित कार्यालय लगिने अख्तियारले जनाएको छ।


## खुशीको खवर ! खुशीको खवर !!

### अनुकुल पोलिक्लिनिक

तपाईको बजार फत्तेपुरमा अनुकुल पोलि क्लिनिकले विविन्न स्वास्थ्य उपचार सेवा प्रदान गर्दैआएको जानकारी गराईन्छ । विशिष्ट चिकित्सकहरुद्वारा स्वास्थ्य परिक्षण हुने र निम्न अनुसारको सेवा उपलब्द हुने भएकाले मौकाको फाईदा लिनु हुन सर्वसाधारणलाई जानकारी गराईन्छ ।

**हाम्रो सेवाहरु**

OPD, LAB, Ambulance, X-Ray, USG, Video X-Ray, Pharmacy, Oxygen & Neublizer सेवा २४ सैं घण्टा उपलब्द छ।

**सम्पर्क स्थान**

N/C/ Bose (बंगाली निज निवास) त्रियूगा पुल नजिक
सप्तकोशी नगरपालिका फोन नं. ०३१-५५०१६२, ९७४३०२५७१२, ९८०७७५५४५३

नोटः आर्युबेदिक डाक्टरद्वारा वबासीर, हाइड्रोसिलको अपरेसन विना चिरफारको ग्यारेन्टीका साथ गरिन्छ ।



## बेलका नगरपालिकाको अनुरोध

– नगरलाई सदासर्वदा सफासुग्घर राखौं।
– व्यक्तिगत घट्ना दर्ता, जन्म, मृत्यु, विवहा रबसाई सराईजस्ता विषयको आफ्नो वडा कार्यलयमा गई दर्ता गरौं।
-बेलका नगरलाई स्वच्छ, प्रदुषण रहित सफा शहर वनाउन आफनो घरवाट उत्पादन हुने फोहोर आफै तह लगाऔं, कुहिने फोहोरवाट कम्पोष्ट मल वनाउ।
– आफनो घर अगाडि ,पछाडिको खाली जग्गामा फूलवारी वनाऔं साथै वोट विरुवा रोपौं।
– घर नक्सा इजाजत लिएर मात्र घर निर्माण गरौं
– नगरपालिकालाई वुझाउनु पर्ने सवै किसिमका करहरु समयमै वुझाई नगरको विकासमा सहयोग पुऱ्याऔं।
– आफना चौपायहरु जथाभावी छाडा नछाडौं।
– अशुरक्षित खाद्य पदार्थ सेवन नगरौं साथै विक्री वितरण समेत नगरौं।
– सार्वजनिक सम्पत्तिहरुको सवै मिलेर संरक्षण गरौं।
-धुमपान, मध्यपान नगरौं, रोगबाट बचौं।
– सभ्य नागरिक वनौं, वन्न सिकाऔं र सभ्य नगरपालिका वनाऔं।

**बेलका नगरपालिकाको कार्यालय,**
**१ नं. प्रदेश, उदयपुर**



## सुलभ इलेक्ट्रोनिक्स सामन माता मनकामनामा

अब तपाई हाम्रो बजार फत्तेपुर मा सामसुङ ,हिमस्टार कम्पनी का टिभि, फ्रीज,LED, सिएफएल बल्बहरु होलसेल मूल्यमा पाउनुका साथै EXIDE कम्पनीका सम्पुर्ण ब्याट्री ,इन्भटर ,सोलार प्यानल,मोटरसाइकल,गाडी आदिका ब्याट्री तथा ब्याट्रीमा लगाउने पानी सुलभ मुल्यमा पाउने हुने छ। मौकाको फाईदा




**प्रो.केदार श्रेष्ठ**
**माता मनकामना इन्टरप्राइजेज**
**सप्तकोसी नपा-१, फत्तेपुर**
०३१-५५०१०६,
९८०७७७३८९१,
९८५२८२१२९१

IME सेवाः यहाँ विश्वको जुनसुकै देशबाट पठाइएको रकम तुरुन्त पाउनुका साथै पठाइन्छ पनि ।






Complete Mobile & Computer Concern



extra easy zone for excellent service in electrics, education & entertainment

Saptakoshi Nagarpalika 1, Fattepur, Saptari
031-550014, 3dezone@gmail.com

